# लुम्बिनी प्रदेश
# मानसिक स्वास्थ्य तथा
# मनोसामाजिक रणनीतिक कार्ययोजना
# (२०८१-२०८६)

लुम्बिनी प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

# सन्दर्भसूची


परिच्छेद १ः परिचय १

१.१ पृष्ठभूमिः १

१.२ अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय प्रयासः ३

१.३ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी कानूनी र नीतिगत व्यवस्थाहरू ५

१.४ मानसिक स्वास्थ्यको वर्तमान अवस्था ७

१.५ लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य र मनोसामाजिक समस्या न्यूनीकरणका प्रयासहरू ९

परिच्छेद २ः समस्या, चुनौति र अवसरहरू १०

२.१ समस्या र चुनौतिहरू १०

२.२ अवसरहरू १२

परिच्छेद ३ः आवश्यकता, औचित्य र निर्देशक सिद्धान्तहरू १२

३.१ आवश्यकता र औचित्य १२

३.२ निर्देशक सिद्धान्तहरू १२

परिच्छेद ४ः सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू १३

४.१ सोचः १३

४.२ ध्येयः १३

४.३ लक्ष्यः १३

४.४ उद्देश्यहरूः १३

परिच्छेद ५ः रणनीति तथा कार्यनीतिहरू १४

५.१ रणनीतिहरू १४

परिच्छेद ६ः कार्ययोजना १७

७. अनुगमन, मूल्याङ्कन र सूचकहरू ४९

७.१ अनुगमन तथा मूल्याङ्कन ४९

७.२ सूचकहरू ४९

७.३ श्रोत परिचालनः ४९

८. नतिजामापन ढाँचा ५०
अनुसुची–१: लागत अनुमान तथा श्रोत व्यवस्थापन ढांचा ५७
रणनीति–१. गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा समतामूलक समान र सहज पहुँच सुनिश्चित गर्ने ५७
रणनीति–२. मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्या भएका व्यक्तिहरुको आधारभूत मानव अधिकारको संरक्षण गर्ने ८१
रणनीति–३, विपद्को समयमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ८६
रणनीति–४, मानसिक स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी र गैस सरकारी क्षेत्रबिच प्रभावकारी समन्वय र सहकार्य गर्ने ९१
रणनीति–५, मानसिक स्वास्थ्य सेवाको अभिलेख, प्रतिवेदन, तथ्याङ्क सङ्गलन, अनुगमन, मुल्याङ्कनलाई तथ्यपरक अध्यावधिक र परिणाममुखी बनाउने १००
अनुसुची–२: २.१. योजना तथा कार्यक्रम १०५
२.२. स्थानीय तह लगायत अन्य संस्थाले गर्ने मानसिक स्वास्थ्य सम्बन्धि कार्यक्रम क्षेत्रहरु: १०७
कार्ययोजना निर्णायार्थ प्रस्तुत् गर्दाको निर्देशक समितिका सदस्यज्युहरु ११०

# परिच्छेद १ः परिचय

## १.१ पृष्ठभूमिः

नेपालको संविधानको भाग ३ मा मौलिक हक र नागरिकका कर्तव्य सम्बन्धी व्यवस्था रहेको छ । संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने र धारा १८ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुने भनी व्यवस्था गरी सम्मानपूर्वक बाँच्न पाउने हक र स्वतन्त्रताको हकको प्रत्याभूत गरेको छ । साथै धारा ३५ ले स्वास्थ्य सम्बन्धी हकको प्रत्याभूत गरी प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने तथा स्वास्थ्य सेवामा समान पहुँचको व्यवस्था गरेको छ । धारा ३८ मा महिलाको हकका विषयमा महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भनी उल्लेख गरिएको छ । साथै, धारा ३९ मा बालबालिकाको हक अन्तर्गत असाहय, अनाथ, अपाङ्गता भएका, द्वन्द पीडित, विस्थापित एंव जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधाको हकलाई सुनिश्चितता गरिएको छ । त्यस्तै गरी संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई सामाजिक न्याय, धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत अशक्त, असहाय तथा अपाङ्गता भएका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको व्यवस्था रहेको छ । उल्लेखित मौलिक हकलाई कार्यान्वयन गर्न कानूनी व्यवस्था समेत भइसकेको छ ।

नेपालको संविधानको धारा ५१ को राज्यका नीतिहरूको खण्ड (ज) मा उल्लेखित नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको क्रम संख्या (५) मा नागरिकलाई स्वास्थ्य बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, क्रम संख्या (६) मा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, क्रम संख्या (९) मा स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने, क्रम संख्या (१५) मा नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने व्यवस्था रहेको छ भने धारा ५२ मा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने व्यवस्था गरेको छ ।

नेपालको दीर्घकालीन सोच २१०० को अवधारणा पत्रमा "समृद्ध नेपाल, सुखी

नेपाली”को राष्ट्रिय सोच तय गरी परिष्कृत र मर्यादित जीवनको राष्ट्रिय लक्ष्य अन्तर्गत नागरिक स्वस्थता (शारीरिक, मानसिक तथा मनोवैज्ञानिक) लाई सूचकको रूपमा कायम गरिएको छ । जसलाई प्राप्त गर्न सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र गुणस्तरीय, प्राविधिक तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितता सहित स्वस्थ र शिक्षित नागरिक तयार गर्ने रणनीति लिइएको छ । सोह्रौं योजना (आ.व. २०८१/८२ –२०८५/८६) को रुपान्तरणकारी रणनीति अन्तर्गत स्वस्थ, शिक्षित र सीपयुक्त मानव पूँजी निर्माणका लागि प्रमुख कार्यक्रम अन्तर्गत मानसिक तथा वैकल्पिक स्वाथ्य सम्बन्धी कार्यक्रम तर्जुमा गरी लागु गर्ने रणनीति रहेको छ । जस अनुसार लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण, आत्महत्या रोकथाम लगायतका मानसिक स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन, नागरिक आरोग्य कार्यक्रमलाई संघ–संस्था, सहकारी र समुदायसँगको समन्वयमा वडा तथा समुदाय स्तरसम्म विस्तार, “मेरो स्वास्थ्य, मेरो जिम्मेवारी” अभियानलाई समुदाय स्तरसम्म विस्तार, जनस्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न सम्बन्धीत सरोकारवालासँगको सहकार्यमा विषादीको प्रयोगलाई नियमन, मनोरञ्जन केन्द्र, पुस्तकालय, योगकेन्द्र, सामुदायिक सिकाइ तथा सीप आदान–प्रदान केन्द्रहरू मार्फत् जेष्ठ नागरिकको शारीरिक, मानसिक तथा आध्यात्मिक स्वस्थताको प्रवर्धन गर्ने विषयवस्तु समेटिएको छ ।

लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना (आ.व. २०७९/८० देखि २०८८/८९ सम्म) मा समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेशको दीर्घकालीन सोच हासिल गर्न स्वास्थ्य सम्बन्धी रणनीति गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्ने अनुसारको कार्यनीति ६ मा जिल्लाहरूमा सङ्कट व्यवस्थापन केन्द्र सहित मानसिक स्वास्थ्य व्यवस्थापनका लागि प्रादेशिक मानसिक अस्पताल र मनोपरामर्श सुविधा उपलब्ध गराउने उल्लेख गरिएको छ । कार्यनीति ११ मा स्थानीय तहको सहकार्यमा माध्यमिक स्तरका विद्यालयमा एक जना नर्स अथवा स्वास्थ्य सहायकको व्यवस्था गर्ने र १४ मा लागुऔषध जस्ता दुर्व्यसनी कम गर्न जनचेतना अभिवृद्धिका साथै सुधार केन्द्रहरू सञ्चालनमा सहयोग गर्ने नीति रहेको छ । रणनीति २ मा स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने अन्तर्गतको कार्यनीति २ मा प्रदेशका ठूला अस्पतालहरूको गुणस्तर सुधार र क्षमता विस्तार गरी विशेषज्ञ सेवा उपलब्ध गराउने उल्लेख गरिएको छ । विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन व्यवस्थापनका अतिरिक्त मानव संसाधनको विकासका विषय पनि समावेश गरिएको छ ।

लुम्बिनी प्रदेशको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, २०७९–२०८७ मा प्राथमिकता प्राप्त क्षेत्र २ मा विपद् जोखिम शासकीय पद्धतिको

विकास र सुदृढीकरण अन्तर्गत स्वास्थ्य मन्त्रालयले स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना गरी विपदबाट प्रभावित भएको समय वा आपतकालीन समयमा स्वास्थ्य सेवा प्रवाह गर्ने रणनीतिक क्रियाकलाप समेटिएको छ । प्राथमिकता प्राप्त क्षेत्र ४ मा प्रभावकारी विपद् पूर्व तयारीको सुदृढीकरणमा प्रतिकार्य योजना तर्जुमा, प्रदेश, जिल्ला र स्थानीय तहमा आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना एवं क्षमता विकास र विपद्का कारण त्रासमा परेका वर्गलाई मनोसामाजिक सेवा प्रदान गर्ने विज्ञ वा सेवकको Roster तयार गरी पूर्व बन्दोवस्त गरी मनोसामाजिक सेवा प्रवाह गर्ने रणनीतिक क्रियाकलाप रहेको छ ।

प्रदेश स्वास्थ्य नीति, २०७७ को रणनीति ५.५.३ मा दीर्घरोग, नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा उपचार, मातृ तथा बाल स्वास्थ्य प्रवर्द्धन, पोषण तथा स्वस्थ जीवन शैली प्रवर्द्धनमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिलाई प्राथमिकता दिइने उल्लेख गरिएको छ । समग्रमा यस नीतिले आधारभूत, आकस्मिक, विशेषज्ञ तथा विशिष्टिकृत स्वास्थ्य सेवालाई व्यवस्थित रूपमा प्रवाहको उद्देश्य लिई सोही अनुसारको नीति तथा रणनीति निर्धारण गरेकोले मानसिक स्वास्थ्य सेवा प्रवाह पनि समेटिएको छ । लुम्बिनी प्रदेशको लैङ्गिक समानता नीति, २०८० को रणनीति १३ मा महिला, बालिका, किशोरी र लैङ्गिक अल्पसंख्यक वर्गका लागि आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ ।

## १.२ अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय प्रयासः

विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य भन्नाले रोग वा अशक्तता नहुनु मात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक रूपमा सन्तुलित अवस्था भनेर परिभाषित गरेको छ । विश्व स्वास्थ्य सङ्गठनको ३० औं महासभा पश्चात् सन् १९७८ मा जारी गरिएको अल्माटा घोषणा-पत्रमा मानसिक स्वास्थ्यलाई प्राथमिक स्वास्थ्य सेवाको एक अङ्गको रूपमा महत्व दिइएको छ । नेपालले पनि सन् १९९१ मा पहिलो पटक राष्ट्रिय स्वस्थ्य नीति जारी गरे पश्चात् सन् १९९६ मा राष्ट्रिय मानसिक स्वास्थ्य नीति स्वीकृत गरी लागु गरेको थियो । त्यसको केही दशकसम्म पनि मानसिक स्वास्थ्य सेवाले नीतिगत व्यवस्था अनुसार गतिलिन सकेको थिएन । विश्व स्वास्थ्य सङ्गठनले जारी गरेको विश्व स्वास्थ्य प्रतिवेदन, २००१ ले मानसिक स्वास्थ्य सेवालाई जनस्वास्थ्यको महत्वपूर्ण सरोकारको विषय भएकोले समुदायमा नै सुनिश्चितताको प्रत्याभूति गर्नका लागि तथ्यपरक दिशाबोध तथा पैरवी गरेको थियो । विश्व भर मानसिक स्वास्थ्य समस्याको व्यापकता र उपलब्ध मानसिक स्वास्थ्य सम्बन्धी सेवाका

बारेमा गरिएका अध्ययन/अनुसन्धानले समस्याको व्यापकता र सेवाको उपलब्धताका बीच उल्लेखनीय अन्तर रहेको पाइएको थियो । यस अन्तरलाई कम गर्नका लागि विषय विज्ञ र विशेषज्ञको सेवाले मात्र सम्भव नहुने ठहर गर्दै समुदायमा क्रियाशील गैर विशेषज्ञ स्वस्थ्यकर्मीको क्षमता विकास गरी परिचालन गर्नुपर्ने निष्कर्षका साथ विश्व स्वास्थ्य सङ्गठनले सन् २००८ मा मानसिक स्वास्थ्यमा Task Sharing तथा Task Shifting अवधारणामा आधारित Mental Health Gap Action Program (mhGAP) शुरु गरेको छ । नेपालमा पनि सन् २०११ देखि २०१५ सम्म यसै विषयमा सम्बन्धीत अध्ययन अनुशन्धान सञ्चालन भएका थिए । त्यसै अध्ययनका निष्कर्ष, परिणाम तथा सिफारिसका आधारमा सन् २०१७ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले "सामुदायिक मानसिक स्वास्थ्य स्याहार प्याकेज, नेपाल २०७४" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो ।

नेपालको स्वास्थ्य क्षेत्र-रणनीतिक योजना (२०७९/८० - २०८७/८८) मा स्वास्थ्य क्षेत्रमा घट्दो असमताको नतिजा प्राप्तिका लागि नसर्ने रोगहरू र मानसिक स्वास्थ्यमा प्रवर्द्धनात्मक क्रियाकलापहरू र सेवाको दायरा विस्तारका रणनीतिक कार्यहरू सञ्चालन गरी गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा सुधारको प्रतिफल प्राप्त गर्ने उद्देश्य लिइएको छ । मनोसामाजिक परामर्श र एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको विस्तार र सुदृढीकरणको रणनीतिक कार्यहरूले स्वास्थ्य क्षेत्रका असमताका कारकहरूको सम्बोधनको प्रतिफल प्राप्त गर्ने उद्देश्य लिइएको छ ।

मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी विश्व स्वास्थ्य सङ्गठनबाट विभिन्न अध्ययन, प्रतिवेदन तथा दस्तावेजहरू तयार भइरहेका छन् । सन् २०१३ र सन् २०२० मा समयावधी थपेर Mental Health Action Plan २०१३-२०३०, सन् २०२२ मा मानसिक स्वास्थ्यको विश्वव्यापी अवस्था र अवधारणा समेटेर World Mental Health Report २०२२:Transforming Mental Health for All र आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि Live Life an Implementation Guide for Suicide Prevention in Countries जारी गरी मानसिक स्वास्थ्य र मनोसामाजिक समस्याका विविध आयाम सम्बोधनका तथ्यपरक उपायहरू सिफारिस गरिएका छन् । नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धिहरू जस्तै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, यातना पीडितहरूको अधिकार सम्बन्धी महासन्धि, बाल अधिकार सम्बन्धी महासन्धि, महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, बेइजिङ घोषणा पत्र र कार्ययोजना लगायतमा उल्लेख भए बमोजिम मानसिक स्वास्थ्यको प्रवर्धन, रोकथाम,

उपचार र पुनर्स्थापनाको अधिकारको सुनिश्चितता गर्नु राज्यको दायित्व बनेको छ ।

## १.३ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी कानूनी र नीतिगत व्यवस्थाहरू

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा ४ को खण्ड (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ । यसै गरी जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची १ र २ मा पनि मानसिक स्वास्थ्य समस्याहरूलाई क्रमशः आधारभूत र आकस्मिक स्वास्थ्य सेवामा समावेश गर्दै स्वास्थ्य संस्था स्तरबाट समुदायमा उपलब्ध गराउने व्यवस्था गरेको छ । दफा २२ को उपदफा (३) मा परम्परागत उपचारको हकमा स्थानीय तहले तोकेको मापदण्ड बमोजिम स्वीकृति लिई सेवा प्रदान गर्नु पर्ने विषय उल्लेख भएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा नियमावली, २०७७ मा अपाङ्गताको वर्गीकरण, परिचय-पत्र तथा अभिलेख, सेवा तथा सुविधा सम्बन्धी व्यवस्था, अपाङ्गता भएका महिला तथा बालबालिकाको विशेष संरक्षण, स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन लगायतका विषय समेटिएका छन् । दफा ३५ र ३६ ले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा सुविधाको समेत सुनिश्चितता गरेको छ ।

मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्यको विषय घर, परिवार, समाज र सामाजिक सम्बन्धहरूबाट प्रभावित हुने विषयलाई द्वन्द, हिंसा (घरेलु तथा लैङ्गिक) तथा सामाजिक असमानतालाई व्यवस्थापन गर्न बनेको ऐन, नियमावली तथा रणनीतिहरूले सम्बोधन गरेका छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ ले पीडितलाई मनोसामाजिक परामर्श, अन्तरिम राहत, राहत, क्षतिपूर्ति, सामाजिक परिपूरण तथा पुनर्स्थापनाको व्यवस्था गरेको छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन,२०६६ र नियमावली, २०६७ को व्यवस्थाले घर परिवारको सम्बन्धलाई सुरक्षित र सम्मानजनक बनाउन, हिंसालाई न्यूनीकरण गर्न, पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा मनासिव माफिकको क्षतिपूर्ति भराइ दिन कानुनी संरक्षणको व्यवस्था गरेको छ । साथै, सेवा केन्द्र मार्फत पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न, उपचारको क्रममा अलग्गै बस्न, कानूनी सहायता, मनोसामाजिक परामर्श सेवा, मनोवैज्ञानिक उपचार सेवा र आर्थिक सहयोगको प्रबन्ध गरिएको छ । लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ ले मौजुदा ऐनमा गरेको संशोधन अनुसार

मर्यादित सामाजिक व्यवहारको व्यवस्था गरेको छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा कसुरदारको मानसिक स्वास्थ्य र चालचलन अनुसार प्रोवेशन र प्यारोलको समेत व्यवस्था गरेको छ । स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८० जारी गरी कार्यान्वयनमा रहेको छ । कारगार ऐन, २०७९ मा कारागारलाई सुधार गृहका रूपमा विकास गरी बन्दीलाई मनोसामाजिक परामर्श प्रदान गर्ने विषय उल्लेख गरिएको छ । सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ मा आप्रवासी कामदार, रिटर्नी कामदार र निजका परिवारका सदस्यको मनोसामाजिक परामर्शको विषय पनि समेटिएको छ । जेरियाट्रिक स्वास्थ्य सेवा रणनीति, २०७८, जेष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ तथा जेष्ठ नागरिक सम्बन्धी नियमावली,२०६५ मा जेष्ठ नागरिकको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सुनिश्चितता गरेको छ । दिगो विकास लक्ष्य (२०१६-२०३०) मा पनि मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्ने, नसर्ने रोगहरूबाट हुने मृत्युदरलाई एक तिहाईले कम गर्ने र लागुपदार्थ दुर्व्यसनीको रोकथाम, उपचार र पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ । राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को नीति ६.१७ को रणनीति ६.१७.५ मा ज्ञान, सीप हस्तान्तरण तथा सीप मिश्रित सेवाको अवधारणा मार्फत विशेष थप तालिम मार्फत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई आधारभूत अस्पतालहरू तथा स्वास्थ्य संस्था मार्फत् सबै नागरिकको पहुँच सुनिश्चित गरिने उल्लेख छ ।

नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्य योजना (२०२१-२०२५) तथा राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ जारी भई कार्यान्वयनमा रहेका छन् । जनस्वास्थ्यको महत्वपूर्ण समस्या र शान्ति सु-व्यवस्थाका लागि गम्भीर चुनौतिका रूपमा रहेको लागुऔषध प्रयोग तथा कारोबारलाई रोक्न "लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना (२०७९-२०८४), साझेदारीमा लागुऔषध प्रयोगकर्ताहरूको उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७५, लागुऔषध नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन, २०७६ जारी भएका छन् । राष्ट्रिय मानसिक स्वास्थ्य कार्यक्रम, २०७९ मा Team Based, People Centered, Chronic Care अवधारणा अनुसार समुदायमा आधारभूत मानसिक स्वास्थ्य सेवाको सुनिश्चितता गर्दै सोही अनुरूप स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली परिमार्जन गरी लागु गरिएको छ । आधारभूत मानसिक स्वास्थ्य सेवालाई Standard Treatment Protocol (STP) for Basic Health Services (BHS), २०७८ र

आकस्मिक मानसिक स्वास्थ्य सेवालाई Standard Treatment Protocol (STP) for Emergency Health Services (EHS), २०७८ मा समावेश गरी समुदायमा रहेका स्वास्थ्य संस्थाबाट उपलब्ध हुने व्यवस्था गरिएको छ । आधारभूत मानसिक स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने औषधीहरू निःशुल्क उपलब्ध हुने व्यवस्था पनि गरिएको छ । अशक्त, असहाय र वेवारिसे मानसिक रोग वा मनोसामाजिक समस्या भएका विरामीहरूको उपचार तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ अनुसार संस्थागत साझेदारीमा सेवा सञ्चालन गरिएको छ । एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका, २०७७ तथा सामाजिक सेवा इकाई (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७९ अनुसार असक्त, असहाय तथा लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरूको मनोसामाजिक परामर्श, उपचार तथा व्यवस्थापन भई रहेको छ । अनलाईन बालसुरक्षा कार्यविधि, २०७८ अनुसार बालबालिकाले ईन्टरनेट प्रयोग गर्ने उपकरणमा बालबालिकाको अनलाईन गतिविधि अनुगमन गर्ने, हानिकारक सामग्रीमा पहुँच रोक्ने तथा दुर्व्यवहारजन्य सामग्री नियन्त्रण गर्ने व्यवस्था गरिएको छ । साथै विद्यालयले बालबालिकालाई समय–समयमा इन्टरनेटको प्रयोग, सम्भावित जोखिम र सुरक्षित प्रयोगको सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ । स्वास्थ्य संस्था, विद्यालय र समुदायमा सञ्चालनमा रहने मनोसामाजिक स्वास्थ्य सेवालाई व्यवस्थित गर्न मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृतिको चरणमा रहेको छ ।

## १.४ मानसिक स्वास्थ्यको वर्तमान अवस्था

विश्वमा नसर्ने रोगहरूको समस्या मध्ये मानसिक रोग, स्नायुजन्य समस्या र लागुपदार्थ प्रयोगको समस्याले कुल रोगभारको १३ प्रतिशत हिस्सा ओगेटेको छ । दक्षिण एशियामा मानिसको मृत्युको पहिलो कारण नसर्ने रोगहरू रहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वमा प्रत्येक आठ जना मध्ये एक जना व्यक्ति मानसिक स्वास्थ्य समस्या सहित बाँचिरहेको छ । अपाङ्गता गराउने प्रमुख १० कारणहरू मध्ये ५ वटा मानसिक स्वास्थ्य समस्या नै पर्दछन् । त्यसै गरी डिप्रेसन र एन्जाइटी नेपालका प्रमुख मानसिक स्वास्थ्य समस्याका रूपमा देखिएका छन् । नेपालमा गरिएको एक अध्ययन अनुसार समुदायमा पहिचान गरिने मानसिक स्वास्थ्य समस्या मध्ये २८ प्रतिशत डिप्रेसन र ४० प्रतिशत एन्जाईटी सम्बन्धी समस्या रहेको पाइएको छ । नेपालमा कुल नसर्ने रोगहरूको समस्या मध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ । राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण, २०७७ को नतिजा अनुसार नेपालमा १३ देखि १७ वर्षका

५.२ प्रतिशत किशोर किशोरीहरूमा मानसिक स्वास्थ्य समस्या देखिएको छ । जसमा २.८ प्रतिशतमा चिन्ताजन्य समस्या, ०.६ प्रतिशतमा डिप्रेसनको समस्या पाइएको छ र ३.९ प्रतिशतमा आत्महत्या सम्बन्धी सोच पाइएको छ । १८ वर्ष माथिका व्यक्तिहरूमा १० प्रतिशतमा मानसिक स्वास्थ्य समस्या देखिएको छ । जसमा ३ प्रतिशतमा चिन्ताजन्य समस्या, २.९ प्रतिशतमा डिप्रेसन, ०.२ प्रतिशतमा साइकोसिस र ७.२ प्रतिशतमा आत्महत्या सम्बन्धी सोचको अवस्था देखिएको छ । लुम्बिनी प्रदेशमा १३ देखि १७ वर्षका ६.१ प्रतिशत किशोर किशोरीहरूमा मानसिक स्वास्थ्य समास्या देखिएको छ । यहाँ १८ वर्ष माथिका १३ प्रतिशत व्यक्तिमा आफ्नो जीवनकालमा मानसिक स्वास्थ्य समस्या हुने देखिएको छ भने र ५.४ प्रतिशत व्यक्तिमा मानसिक स्वास्थ्य समस्या रहेको पाइएको छ ।

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०२२ का अनुसार १५ देखि ४९ वर्ष सम्मका २२% महिला र ११% पुरुषमा चिन्ताजन्य समस्याका लक्षणहरू तथा ५% महिला र २% पुरुषमा डिप्रेसनका लक्षणहरू देखिएको छ । लुम्बिनी प्रदेशका २०% महिला र ११% पुरुषमा चिन्ताजन्य समस्या, ४% महिला र २% पुरुषमा डिप्रेसनको समस्या पाइएको छ । दिगो विकास लक्ष्य नं. ३ मा मदिरा लगायतका लागुऔषधको प्रयोगमा रोकथाम तथा उपचारको व्यवस्था गर्ने लक्ष्य समेटिएको छ । नेपाल लागुऔषध प्रयोग सर्वेक्षण, २०७६ (Nepal Drug Users Survey 2076) का अनुसार नेपालमा अनुमानित १,३०,४२४ जना लागुऔषाध प्रयोगकर्ता रहेको र सो तथ्याङ्क २०६९ सालको ९१,७३४ जना भन्दा वार्षिक ५.०६% ले बढ्दै गएको छ । लुम्बिनी प्रदेशमा २५,९३० जना (२०%) प्रयोगकर्ता रहेको अनुमान गरिएको जसमध्ये ८० प्रतिशतले जीवनमा कम्तीमा एक पटक गाँजा र ५७ प्रतिशतले अफिम जन्यपदार्थ प्रयोग गरेको जनाएका छन् । साथै ७४ प्रतिशतले गाँजा नै पहिलो लागुऔषधको रूपमा शुरु गरेको जानकारी गराएका थिए । लागुऔषाध प्रयोगकर्ता मध्ये ३८ प्रतिशतले पन्ध्र वर्ष अगाडि नै चुरोट पिउन थालेको बताएका थिए ।

दिगो विकास लक्ष्य नं. ३ मा नै आत्महत्या रोकथाम तथा न्यूनीकरणलाई सूचकको रूपमा उल्लेख गरिएको छ । नेपालमा सन् २०१५ मा अन्दाजी १६.५ जना प्रति एक लाख नेपाली प्रति वर्ष मृत्यु हुने तथ्याङ्क अनुमान गरिएको थियो जसलाई सन् २०२२ मा ९.७ मा घटाई २०३० सम्ममा ४.७ जना प्रति एक लाख नेपाली प्रतिवर्षमा घटाउने लक्ष्य लिइएको छ । नेपाल प्रहरीका अनुसार आ.व. २०८०/८१ मा नेपालमा ७२२३ व्यक्तिको मृत्युको कारण आत्महत्या रहेको थियो । तथ्याङ्क अनुसार प्रति एकलाख नेपालीमा २४ जना आत्महत्याको घटना रहेको पाइन्छ । सोही आ.व.मा लुम्बिनी

प्रदेशमा जम्मा १३२९ जनाले आत्महत्या गरेको तथ्याङ्क नेपाल प्रहरीको रहेको छ ।

## १.५ लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य र मनोसामाजिक समस्या न्यूनीकरणका प्रयासहरू

यस प्रदेशमा मानसिक स्वास्थ्य विभाग सहितका चारवटा मेडिकल कलेज तथा शिक्षण अस्पताल सञ्चालनमा रहेका छन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, भेरी अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल तथा राप्ती प्रादेशिक अस्पतालमा बहिरङ्ग मानसिक स्वास्थ्य सेवा उपलब्ध रहेको छ । आयुर्वेद अस्पताल, स्वास्थ्य केन्द्र, औषधालय तथा नागरिक आरोग्य केन्द्रबाट प्रदान गरिने स्वास्थ्य प्रवर्द्धनसँग सम्बन्धीत सेवाले मानसिक स्वास्थ्यमा टेवा पुगेको छ । मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका विषयलाई प्रदेशका नीति तथा रणनीतिमा समावेश गरी सञ्चालन गरिदै आइएको छ । यस क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ-संस्थाको समन्वय र सहकार्यमा समुदायमा आधारभूत मानसिक स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य व्यवस्थापक तथा स्वास्थ्यकर्मीको क्षमता विकासका तालिम कार्यक्रमहरू सञ्चालन गरिएको छ । यसका लागि आवश्यक औषधीको निःशुल्क व्यवस्थापन पनि हुँदै आएको छ ।

कतिपय जिल्लास्थित अस्पतालमा आवधिक रूपमा मानसिक स्वास्थ्य विशेषज्ञ सेवा, सुपरभिजन तथा मेन्टोरिङ्ग पनि हुने गरेका छन् । कतिपय स्थानीय तहले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य नीति स्वीकृत गरी तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ता तथा मनोसामाजिक कार्यकर्ताको पनि व्यवस्था गरेका छन् । मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगलाई आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिसँग समावेश गरी स्वास्थ्य संस्था तथा समुदायमा सञ्चालन गरिदै आइएको छ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकहरूलाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका बारेमा अभिमुखीकरण कार्यक्रमको सुरुवात गरिएको छ । स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाको अभिलेख र प्रतिवेदन स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली अनुसार शुरुवात भएको छ । समुदायका स्वास्थ्य संस्थाबाट आवश्यक विशेषज्ञ सेवाका लागि प्रेषण गरिने गरिएको छ ।

प्रदेशमा स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र क्रियाशील रहेको छ । जिल्ला स्थित अस्पतालमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा रहेका छन् । जिल्लामा रहेका अल्पकालीन पुनर्स्थापना केन्द्रले सेवाग्राहीलाई मनोसामाजिक परामर्श सेवाका साथै केहि समयको लागि आवासीय सहयोग र मनोसामाजिक परामर्श प्रदान गरेका छन् ।

केही सामुदायिक विद्यालयमा विद्यालय नर्स कार्यरत रहेका छन् । स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा रहेको छ । सामुदायिक प्रहरीले आत्महत्या रोकथाम तथा न्यूनीकरणका साथै मदिरा तथा लागुऔषधको उत्पादन, बिक्री वितरण तथा प्रयोगमा नियन्त्रणका कार्यहरू भईरहेका छन् । सूचना र प्रविधिको प्रयोग गरी मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोगका बारेमा सचेतना कार्य सञ्चालनमा रहेका छन् । हाल प्रदेशमा मानसिक रोग विशेषज्ञ, मनोसामाजिक परामर्शकर्ता, सामुदायिक मनोसामाजिक कार्यकर्ता आदि विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा कार्यरत छन् । राष्ट्रिय मानसिक स्वास्थ्य कार्यक्रम, २०७९ मा आधारित रहेर राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट विकास गरिएका विभिन्न मोड्यूल अनुसार प्रदेशमा कार्यरत ४७४ जना स्वास्थ्यकर्मीलाई क्षमता विकास तालिम प्रदान गरि सेवा विस्तार गरिएको छ ।

# परिच्छेद २: समस्या, चुनौति र अवसरहरू

## २.१ समस्या र चुनौतिहरू

नीतिगत तथा कानूनी रूपमा अन्तराष्ट्रिय, राष्ट्रिय तथा प्रादेशिक स्तरमा मानसिक स्वास्थ्य सेवाका विषयले महत्व पाएको देखिन्छ । तर मानसिक स्वास्थ्य समस्याको व्यापकताको दाँजोमा सञ्चालित कार्यक्रमको अवस्था हेर्दा मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्न नसकिएको देखिन्छ । समस्या समाधानका लागि सरकारी र गैरसरकारी निकाय बीच पर्याप्त सम्वाद, समन्वय र सहकार्य हुन सकेको छैन । जनसंख्याको अनुपातमा स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, क्लिनिकल साईकोलोजिष्ट, साईक्याट्रिकनर्स, मनोसामाजिक परामर्शकर्ता, अकुपेसनलथेरापिष्ट, सामुदायिक मनोसामाजिक कार्यकर्ताको परिकल्पना, प्रक्षेपण तथा व्यवस्था हुन सकेको छैन । नेपाल मेडिकल काउन्सिलको Regulations for Postgraduate Medical Education (MD/MS Programs) २०१७ का अनुसार MD Psychiatry अध्ययन गर्ने चिकित्सकलाई तीन महिना अनिवार्य (Community Posting) को व्यवस्था गरेको भएता पनि कार्यान्वयनमा आउन सकेको छैन । प्रदेशमा सञ्चालनमा रहेका शिक्षण अस्पतालका विशेषज्ञ सेवालाई सरकारी कार्यक्रम, क्षमता विकास तालिम, समुदायमा Outreach, सुपरिवेक्षण र दोहोरो प्रेषण प्रणालीमा आवद्ध गर्न सकिएको छैन । एक विद्यालय एक नर्स/स्वास्थ्यकर्मी कार्यक्रमलाई बिस्तार गर्न सकिएको छैन । स्वास्थ्य सेवा प्रणालीमा मनोसामाजिक परामर्श सेवा प्रदायकको पद

नाम कायम तथा दरवन्दी सिर्जना गर्न सकिएको छैन् । राष्ट्रिय मानसिक स्वास्थ्य सेवा कार्यक्रम, २०७९ अनुसार प्रदेश भित्र कार्यरत गैर विशेषज्ञ स्वास्थ्यकर्मीको क्षमता विकास तालिम अझै पर्याप्त हुन सकेको छैन । तालिम प्राप्त स्वास्थ्यकर्मीको पदस्थापन, सरुवा तथा सेवाको निरन्तरता व्यवस्थित हुन सकेको छैन । देशको संविधान, कानून, नीति र रणनीति अनुसारका कार्यक्रमहरू सञ्चालन, सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण तथा मेन्टोरिङ्ग गर्न आवश्यक संयन्त्र, जनशक्ति, बजेट तथा कार्यान्वयनको परिपाटी व्यवस्था हुन सकेको छैन । निःशुल्क सूचीमा रहेका औषधीको स्वास्थ्य संस्थामा अविछिन्न उपलब्धता सुनिश्चित हुन सकेको छैन । मानसिक स्वास्थ्य समस्याका विषय र समाधानका उपायका बारेमा समाजमा रहेका अन्धविश्वास, गलत अभ्यास, भ्रमलाई हटाउन सकिएको छैन । मानसिक स्वास्थ्य समस्या समाधानका बारेमा समाजमा विभिन्न प्रकारका परम्परागत अभ्यासहरू हुँदै आएका छन् । जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २२ को उपदफा (३) मा त्यस्ता परम्परागत अभ्यासहरूलाई स्थानीय तहले त्यस्ता उपचारकलाई जवाफदेही बनाउँदै उपचारलाई हानि रहित बनाउन मापदण्ड तोकी सञ्चालनमा ल्याउनु पर्नेमा सो को व्यवस्था हुन सकेको छैन । मनोसामाजिक, बौद्धिक तथा अटिजम सम्बन्धी अपाङ्गता भएका लक्षित वर्गको पहिचान स्थापित गरी सामाजिक सुरक्षा भित्र समावेश गर्न सकिएको छैन । स्वास्थ्य बीमामा सबैको पहुँच स्थापित हुन सकेको छैन ।

राजनीतिक अस्थिरताको अन्त्य र राजनीतिक प्रतिवद्धताको कार्यान्वयन चुनौतिको रूपमा रहेको छ । स्वास्थ्य सेवाको प्राथमिकीकरण र प्रशासनिक स्थायित्व कायम गरी सेवाको प्रभावकारिता वृद्धि गर्नु चुनौतिपूर्ण रहेको छ । नागरिकको आर्थिक तथा सामाजिक असहजता, देशमा घट्दो रोजगारी, प्रविधिको बदलिदो विकासक्रम, अनियन्त्रित र भ्रमपूर्ण सूचना प्रवाह, भड्किलो सामाजिक व्यवहार, खस्किदो पारस्परिक सम्बन्ध, अस्वाभाविक महत्वकांक्षा, मदिरा तथा लागु औषधको सहज उपलब्धता आदिले मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पारेको देखिएको छ । समाजका नैतिक मूल्य, मान्यता, आदर्शमा आएको क्षयीकरण, अस्वस्थकर प्रतिस्पर्धा, आध्यात्मिक/सांस्कृतिक विचलन, निष्कृय जीवनशैली, अस्वस्थकर आहार/विहार आदिले मानसिक स्वास्थ्यमा थप चुनौति श्रृजना गरेको छ । अव्यवस्थित बसाईँसराई, वैदेशिक रोजगारी, विदेशमा उच्च शिक्षाको अस्वभाविक आकर्षणले व्यक्ति तथा उसको परिवारमा नकारात्मक प्रभाव पनि देखिएको छ ।

## २.२ अवसरहरू

नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । यसलाई कार्यान्वयन गर्न ऐन, कानून, नीति, रणनीति तथा कार्यक्रमहरू पनि तय भएका छन् । देशमा दक्ष जनशक्तिको उत्पादन भइरहेको छ । सरकारी छात्रवृत्तिमा अध्ययन गर्ने चिकित्सक तथा नर्सलाई निश्चित अवधि सरकारी सेवा अनिवार्य गरिएको छ । सेवाकालीन तथा क्षमता विकास तालिम सञ्चालन गर्ने निकाय तथा तथ्यमा आधारित तालिम मोड्यूलहरू अद्यावधिक हुँदै गएका छन् । समुदायमा क्रियाशील स्वास्थ्यकर्मीको मानसिक स्वास्थ्य सेवाका लागि क्षमता विकासका तालिम कार्यक्रम सञ्चालन भइरहेका छन् । गैर स्वास्थ्य क्षेत्रका सरकारी निकायले पनि मनोसामाजिक स्वास्थ्य सेवाका कार्यक्रमहरू सञ्चालन गरेका छन् । सूचना प्रविधिमा बहुसंख्यक नागरिकको पहुँच छ । सरकारी, निजी र गैरसरकारी क्षेत्रबाट प्रदान गरिने मानसिक स्वास्थ्य सेवाको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार अभिलेख र प्रतिवेदनको अभ्यास शुरु भएको छ । समुदायमा प्रदान गरिने मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको अभिलेख र प्रतिवेदनको पनि स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली ढाँचा तयार भएको छ ।

# परिच्छेद ३: आवश्यकता, औचित्य र निर्देशक सिद्धान्तहरू

## ३.१ आवश्यकता र औचित्य

लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य समस्या व्यापक रूपमा पाईएको छ । आत्महत्याको उच्च तथ्याङ्क विद्यमान रहेको प्रतिवेदनहरूमा देखिएको छ । राष्ट्रिय तथा प्रादेशिक दस्तावेजहरूमा उल्लेख भए अनुसार योजना तर्जुमा, बजेट विनियोजन, कार्यक्रम निर्माण र कार्यान्वयनमा यो विषयले यथोचित प्राथमिकता पाउन सकेको छैन । स्वास्थ्य नीति, २०७७ मा मानसिक स्वास्थ्यको विषय समावेश भएको छ । यसलाई अझ प्रष्ट बनाई योजनावद्ध कार्यक्रम सञ्चालन गर्न छुट्टै रणनीतिले सहज बनाउँछ । यसले मानसिक स्वास्थ्य क्षेत्रमा बजेट उपलब्ध गराउन, त्यसको परीणाममुखी परिचालन गर्न र नतिजा प्राप्त गर्न सहयोग मिल्दछ ।

## ३.२ निर्देशक सिद्धान्तहरू

मानसिक स्वास्थ्य सेवालाई नागरिकको संविधानप्रदत्त मौलिक हक र

गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्न प्रदेश स्वास्थ्य नीति, २०७७ अनुकूल तपशिलमा उल्लिखित निर्देशक सिद्धान्तहरूका आधारमा यो रणनीतिक कार्ययोजना तयार गरिएको छ :

(क) गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा सहज, समान र सर्वव्यापी पहुँच,

(ख) मानसिक स्वास्थ्य सेवामा बहुक्षेत्रीय सहभागिता, सहकार्य र साझेदारी,

(ग) पर्याप्त लगानी र समुचित उपयोगको सुनिश्चितता,

(घ) स्वास्थ्य सेवा प्रणालीमा एकीकृत मानसिक स्वास्थ्य सेवा,

(ङ) तथ्यमा आधारित मानसिक स्वास्थ्य सेवा र सामाजिक सुरक्षा ।

# परिच्छेद ४: सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू

## ४.१ सोचः

समृद्ध प्रदेशका स्वस्थ र खुशी नागरिकको आधार, मानसिक स्वास्थ्य र मनोसामाजिक प्रणालीको सुधार ।

## ४.२ ध्येयः

मानसिक स्वास्थ्यमा पर्याप्त लगानी गर्दै, गुणस्तरीय मानसिक स्वास्थ्य र मनोसामाजिक सेवालाई सर्वसुलभ बनाउने ।

## ४.३ लक्ष्यः

मानसिक स्वास्थ्य सेवालाई विद्यमान स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गर्दै गुणस्तरीय, समतामूलक सेवाको सुलभ पहुँच रउपभोग सुनिश्चित गर्ने ।

## ४.४ उद्देश्यहरूः

- समुदायस्तरसम्म गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा समतामूलक, समान र सहज पहुँच सुनिश्चित गर्ने,
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्या भएका व्यक्तिको आधारभूत मानवअधिकारको संरक्षण गर्ने,
- हरेक समयचक्र र जीवनपथमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई समावेश गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने,
- तथ्यमा आधारित मानसिक स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी र गैरसरकारी क्षेत्र बीच प्रभावकारी समन्वय र सहकार्य गर्ने ।

# परिच्छेद ५: रणनीति तथा कार्यनीतिहरू

माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि तपशिलमा उल्लेख भए अनुसारका रणनीति अवलम्बन गरी कार्यनीति बमोजिमका कार्यक्रमहरू सञ्चालन गरिने छ :-

## ५.१ रणनीतिहरू

१.१ गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा समतामूलक, समान र सहज पहुँच सुनिश्चित गर्ने ।

१.२ मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्या भएका व्यक्तिहरूको आधारभूत मानव अधिकारको संरक्षण गर्ने ।

१.३ विपद्को समयमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

१.४ मानसिक स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी र गैरसरकारी क्षेत्र बीच प्रभावकारी समन्वय र सहकार्य गर्ने ।

१.५ मानसिक स्वास्थ्य सेवाको अभिलेख, प्रतिवेदन, तथ्याङ्क सङ्कलन, अनुगमन, मूल्याङ्कनलाई तथ्यपरक, अद्यावधिक र परिणाममुखी बनाउने ।

## ५.२ रणनीति अनुसार अवलम्बन गरिने कार्यनीतिहरू:

### १.१ गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा, समतामूलक, समान र सहज पहुँच सुनिश्चित गर्ने ।

१.१.१ मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाका लागि आवश्यक संयन्त्रहरू परिचालन गर्दै श्रोत साधनको व्यवस्था गर्न लगानी वृद्धि गरिने छ ।

१.१.२ विद्यमान स्वास्थ्य सेवा प्रणालीमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाका कार्यक्रमलाई एकीकृत गरी सञ्चालन गरिनेछ ।

१.१.३ जीवन पथमा आधारित स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई सुदृढ बनाइने छ ।

१.१.४ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रदेश र स्थानीय तहमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रदान गर्न आवश्यक जनशक्ति व्यवस्था गरिने छ ।

१.१.५ विद्यालय स्तरसम्म मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ ।

१.१.६ मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन दक्ष जनशक्तिको प्रक्षेपण,

उत्पादन, व्यवस्थापन तथा परिचालन गरिनेछ ।

१.१.७ स्थानीय पाठ्यक्रममा योग, मानसिक स्वास्थ्य, तनाव व्यवस्थापन, स्वस्थ जीवनशैलीका विषय वस्तुहरू समावेश गरिने छ ।

१.१.८ विद्यमान सूचना प्रविधिको समुचित र प्रभावकारी प्रयोग मार्फत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रवाह गरिने छ ।

१.१.९ परम्परागत उपचार सेवा प्रदायकलाई सेवाग्राहीको सुरक्षित, गुणस्तरीय एवं तथ्यमा आधारित सुसूचित उपचारको हकका बारेमा अभिमुखीकरण गरिने छ ।

## १.२ मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्या भएका व्यक्तिहरूको आधारभूत मानव अधिकारको संरक्षण गरिने छ ।

१.२.१ मानसिक स्वास्थ्य सेवा पाउने सवैधानिक हक र मानव अधिकारको प्रचलन गराउन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चाल गरिनेछ ।

१.२.२ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई सम्मान जनक र सेवाग्राही मैत्री बनाइने छ ।

१.२.३ मानसिक स्वास्थ्य र मनोसामाजिक समस्यासँग सम्बन्धीत अन्धविश्वास, हानिकारक गलत अभ्यास र भ्रम हटाउन जन चेतना मूलक कार्यक्रमहरू गैर सरकारी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गरिने छ ।

१.२.४ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी प्रचलित कानूनको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहको क्षमता अभिवृद्धि गरिने छ ।

१.२.५ मानसिक स्वास्थ्य समस्याका कारण जटिल सामाजिक तथा आर्थिक अवस्थाको सामना गरी रहेका व्यक्ति र परिवारका सदस्यलाई स्थानीय तहमा सूचीकृत गरी उनीहरूका लागि विभिन्न आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१.२.६ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको दिगोपना सुनिश्चित गरिने छ ।

## १.३ विपद्को समयमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ ।

१.३.१ विद्यमान विपद्द व्यवस्थापन रणनीति अनुसार मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको कार्यान्वयनलाई मूल प्रवाहिकरण गरिने छ ।

१.३.२ विपद्को समयमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रवाहको छुट्टै कार्ययोजना तयार गरी कार्यान्वयन गरिने छ ।

१.३.३ विपद्को समय पश्चात् सुदृढ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको दिगोपना सुनिश्चितताका लागि आवश्यक संरचना तयार गरिने छ ।

### १.४ मानसिक स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी र गैरसरकारी क्षेत्र बीच प्रभावकारी समन्वय र सहकार्य गरिने छ ।

१.४.१ बहुपक्षीय सरोकारवाला निकाय बीच पारस्परिक सम्बन्ध स्थापित गरी मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको पहुँच र उपभोगमा वृद्धि गरिने छ ।

१.४.२ उपलब्ध साधन र श्रोत पहिचान र परिचालनमा अन्तरनिकाय समन्वय र साझेदारी गरिने छ ।

१.४.३ सञ्चालित कार्यक्रममा गुणस्तरियता, एक रूपता र समता कायम गरिने छ ।

१.४.४ उल्लेखित कार्यक्रमको कार्यान्वयन, सुदृढीकरण र दिगोपनाका लागि समन्वय, सहकार्य र सहयोग गरिनेछ ।

### १.५ मानसिक स्वास्थ्य सेवाको अभिलेख, प्रतिवेदन, तथ्याङ्क सङ्कलन, अनुगमन, मूल्याङ्कनलाई तथ्यपरक, अद्यावधिक र परिणाममुखी बनाइने ।

१.५.१ हरेक तहमा सञ्चालित कार्यक्रमको तथ्यमा आधारित आवधिक समीक्षा, पृष्ठपोषण र योजना तर्जुमा गरिने छ ।

१.५.२ आत्महत्या रोकथाम तथा न्युनीकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

१.५.३ मदिरा तथा लागु औषध नियन्त्रण, रोकथाम तथा न्युनीकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

१.५.४ इन्टरनेट तथा अनलाईन सामग्रीबाट सिर्जित समस्या पहिचान, रोकथाम तथा न्यूनीकरणका लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१.५.५ सञ्चालित कार्यक्रमको प्रभावकारिता परीक्षणका लागि आवधिक अध्ययन तथा अनुसन्धान गरी पृष्ठ पोषणको कार्यान्वयन गरिने छ ।

# परिच्छेद ६: कार्य योजना

| कार्य क्षेत्र | मुख्य कार्यहरू | सञ्चालन गरिने क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **१.१.१ मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाका लागि आवश्यक संयन्त्र परिचालन गर्दै श्रोत साधनको व्यवस्था गर्न लगानी वृद्धि गर्ने ।** | | | | |
| मानसिक स्वास्थ्य सेवा प्रर्वद्धन तथा समस्या रोकथाम | प्रदेश, जिल्ला तथा स्थानीय तह स्तरीय समन्वय समिति गठन गरी क्रियाशील बनाउने | • "जनस्वास्थ्य सेवा ऐन, २०७५" तथा<br>• "नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि बहुपक्षीय कार्ययोजना, २०२१-२०२५" अनुसारका संयन्त्र गठन गरी कियाशील बनाउने। | स्वास्थ्य मन्त्रालय | स्वास्थ्य कार्यालय / स्वास्थ्य शाखा |
| | मानसिक स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि प्रर्वद्धनात्मक तथा निरोधात्मक कार्यक्रमहरू सञ्चालन गर्ने | • "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" का मूलभूत मान्यताको पैरवी गर्ने र अनुशरणमा सहकार्य गर्ने । | स्वास्थ्य निर्देशनालय | स्वास्थ्य कार्यालय/ स्वास्थ्य शाखा |
| | | • स्वस्थ जीवनशैली, योग र ध्यानका कार्यक्रमहरू सञ्चालन गर्ने । | आयुर्वेद अस्पताल, केन्द्र, औषधालय तथा नागरिक आरोग्य केन्द्र | आयुर्वेद तथा वैकल्पिक चिकित्सा महाशाखा |
| | लैङ्गिकतामा आधारित हिंसा | • लैङ्गिक विभेद विरुद्ध जनचेतना मूलक | सामाजिक विकास | सामाजिक विकास |

| | | | | |
|---|---|---|---|---|
| | न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने | कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>• प्राविधिक शिक्षा, सीपमूलक तालिम र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने । | मन्त्रालय, स्थानीय तह | मन्त्रालय, स्थानीय तह |
| | स्थानीय तहमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको नीतिगत सुनिश्चितता गर्ने | • "स्थानीय तहका लागि सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन मार्गदर्शन" अनुसारका कार्यक्षेत्र पहिचान गरी मानसिक स्वास्थ्य प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तहसँग समन्वय गर्ने (अनुसूची २)। | स्थानीय तह | स्वास्थ्य मन्त्रालय |
| आधारभूत मानसिक स्वास्थ्य सेवा | स्वास्थ्य सेवा व्यवस्थापक तथा स्वास्थ्यकर्मीको क्षमता विकास गर्ने | • Standard Treatment Protocol (STP) for Basic Health Services (EHS), २०७८ अनुसार आधारभूत मानसिक स्वास्थ्य सेवालाई एकीकृत गर्ने ।<br>• "राष्ट्रिय मानसिक स्वास्थ्य सेवा कार्यक्रम, २०७९ "अनुसार" राष्ट्रिय | स्वास्थ्य मन्त्रालय/ स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य तालिम केन्द्र | स्वास्थ्य कार्यालय / स्वास्थ्य शाखा |

| | | | | |
|---|---|---|---|---|
| | | स्वास्थ्य तालिम केन्द्र" द्वारा स्वीकृत मोडयूलहरू अनुसार क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने । | | |
| | | • विशेषज्ञ तथा विज्ञ परिचालन, नियमित सुपरिवेक्षण, मेन्टरिङ्गका लागि प्रदेशमा रहेका विशेषज्ञ सेवा उपलब्ध अस्पताल, स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा मेडिकल कलेजसँग सहकार्य र समन्वय गर्ने । | स्वास्थ्य मन्त्रालय | स्वास्थ्य निर्देश नालय |
| | | • OCMC को क्षमता अभिवृद्धि गर्ने। | स्वास्थ्य मन्त्रालय | विषयगत मन्त्रालय हरू |
| | | • टेलिमानसिक स्वास्थ्य सेवाको अवधारणालाई विकास, विस्तार तथा व्यवस्थापन गर्ने । | स्वास्थ्य निर्देशनालय | प्रादेशिक अस्पताल |
| | निःशुल्क सूचीका औषधि व्यवस्था गर्ने | • औषधिको अविछिन्न उपलब्धताको सुनिश्चित गर्न पूर्वानुमान, खरिद तथा वितरणलाई व्यवस्थित गरी | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्थानीय तह |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यान्वयन गर्ने । | | |
| आक स्मिक मानसिक स्वास्थ्य सेवा | अस्पतालको आकस्मिक विभागमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीको क्षमता विकास | • Standard Treatment Protocol (STP) for Emergency Health Services (EHS) २०७८ अनुसार आकस्मिक मानसिक स्वास्थ्य सेवाका बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य निर्देशनालय | सम्बन्धीत अस्पताल |
| विशेषज्ञ मानसिक स्वास्थ्य सेवा | २०० शैया माथिका क्षमताका अस्पतालले नियमित विशेषज्ञ मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने | • तत्कालका लागि कार्यक्रमका रूपमा सञ्चालन गरी दीर्घकालका लागि संस्थागत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने । | स्वास्थ्य मन्त्रालय | सम्बन्धीत अस्पताल |
| | २०० शैया भन्दा कम क्षमताका अस्पतालले सम्बन्धीत अस्पतालमा मानसिक स्वास्थ्य सेवा सञ्चालनमा ल्याउने | • तत्कालका लागि कार्यक्रमका रूपमा सञ्चालन गरी दीर्घकालका लागि संस्थागत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने ।<br>• आवधिक रूपमा मानसिक स्वास्थ्य विशेषज्ञ सेवा उपलब्ध गराउने ।<br>• टेलिमानसिक स्वास्थ्य र | स्वास्थ्य निर्देशनालय<br><br>स्वास्थ्य मन्त्रालय | सम्बन्धीत अस्पताल |

| | | | | |
|---|---|---|---|---|
| | | सुपरिवेक्षणको विकास, विस्तार तथा व्यवस्थापन गर्ने । | | |
| | सेवाग्राहीलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउने | • सेवाग्राहीलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने तथा अस्पतालमा नियमित सोधभर्ना भुक्तानीको व्यवस्था मिलाउने | | |
| उपयुक्त प्रेषण प्रणाली विकास | दोहोरो र प्रभावकारी प्रेषण प्रणाली विकास गरी अनुसरण गर्ने | • स्थानीय स्वास्थ्य संस्था देखि विशेषज्ञ मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था र सेवा प्रदायक बीच दोहोरो प्रेषण प्रणाली विकास गरी कार्यान्वयन गर्ने । | | |
| पुन स्र्थापना सेवा | मनोसामाजिक समस्या भएका व्यक्तिहरूलाई आवश्यक सहयोगी सेवा सहित पुर्नस्थापना गर्ने | • अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन कार्यविधि, २०७७ तथा सामाजिक इकाई स्थापना तथा सञ्चालन निर्देशिका, २०७९अनुसारका सेवा सम्बन्धी कार्यविधी अनुरूपका सेवा सञ्चालन गर्ने<br>• नेपाल प्रहरी तथा सामाजिक | | |

| | | | | |
|---|---|---|---|---|
| | | सङ्घसंस्थासँग आवश्यक समन्वय र सहकार्य गर्ने । | | |
| | अशक्त, असहाय तथा वेवारिसे अवस्थाका व्यक्तिहरूको पुनस्थापना गर्ने | • अशक्त, असहाय तथा वेवारिसे अवस्थाका मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको उपचार तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७६ अनुसार संस्थागत साझेदारीमा निरन्तर सेवा सञ्चालन गर्ने | | |
| | दीर्घ मानसिक स्वास्थ्य समस्या, बौद्धिक अपाङ्गता, अटिजम सम्बन्धी सेवाग्राहीको पहिचान गरी सेवा उपलब्ध गराउने | • अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन,२०७४ तथा नियमावली, २०७७ अनुसार पहिचान, बर्गीकरण र सेवा प्रवाहमा समन्वय गर्ने ।<br>• अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगी सेवाको व्यवस्था गर्ने। | | |

| | | | | |
|---|---|---|---|---|
| | मदिरा तथा लागु औषधको लत भएका सेवाग्राहीको पहिचान र पुनर्स्थापना गर्ने | Standard Treatment Protocol (STP) for Emergency Health Services (EHS,२०७८ अनुसार तत्कालको व्यवस्थापन गरी प्रेषण गर्ने र सामाजिक पुनस्थापनाका लागि "साझेदारीमा लागुऔषध प्रयोगकर्ताहरूको उपचार तथा पुनःस्थार्पना केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" बमोजिम समन्वय र सहकार्य गर्ने । | | |
| **१.१.२ विद्यमान स्वास्थ्य सेवा प्रणालीमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाका कार्यक्रमलाई एकीकृत गरी सञ्चालन गर्ने ।** | | | | |
| जन स्वास्थ्यका कार्यक्रम मा एकीकृत मानसिक स्वास्थ्य सेवा | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगलाई जनस्वास्थ्यको अभिन्न अङ्गको रूपमा सञ्चालन गर्ने | • स्वास्थ्य संस्था, आयुर्वेद केन्द्र, औषधालय, आरोग्य केन्द्र तथा समुदायमा जनस्वास्थ्यका कार्यक्रम सञ्चालन गर्दा मानसिक स्वास्थ्य प्रर्वद्धन, समस्याको रोकथाम र समयमा नै पहिचान तथा उपयुक्त प्रेषणका लागि स्वास्थ्यकर्मीको | स्वास्थ्य कार्यालय | स्थानीय स्वास्थ्य शाखा |

| | | | | |
|---|---|---|---|---|
| | | अभिमुखीकरण गर्ने | | |
| सामुदायिक नर्स/ रोमिङ्ग नर्स कार्यक्रम मा मानसिक तथा मनो सामाजिक सेवा | | • समुदायमा प्रदान गरिने मानसिक तथा मनोसामाजिक सेवाको गुणस्तर, मापदण्ड, दोहोरो प्रेषण व्यवस्था, अभिलेख तथा प्रतिवेदन ढाँचा तयार गरी कार्यान्वयन गर्ने | | |
| **१.१.३ जीवन पथमा आधारित स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई सुदृढ बनाउने ।** | | | | |
| जीवन पथमा आधारित स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य तथा मनो सामाजिक सेवा | जीवनपथका चरणमा तथ्यमा आधारित आवश्यकता र प्राथमिकताका आधारमा प्रचलित ऐन, कानून तथा कार्यक्रममा एकीकृत गर्ने वा थप कार्यक्रम विकास गरी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका कार्यक्रम सञ्चालन तथा | • सुनौला हजार दिन र जिम्मेवार भिभावकत्व कार्यक्रमलाई विस्तार गर्ने।<br>• बालमैत्री स्थानीय तहको सङ्ख्या वृद्धि गर्ने।<br>• किशोर किशोरी केन्द्रित यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक कार्यहरू गर्ने।<br>• मदिरा तथा लागुऔषध नियन्त्रण प्रभावकारी बनाउने<br>• कार्यस्थलमा मानसिक स्वास्थ्य, स्वस्थ जीवनशैली, | स्वास्थ्य मन्त्रालय/ जिल्ला स्थित स्वास्थ्य कार्यालय/ स्वास्थ्य शाखा | विषयगत मन्त्रालय र मातहत का निकाय हरू / गैर सरकारी संस्था |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन गर्ने | तनाव व्यस्थापन र उद्यमशिलताका लागि मानसिक स्वास्थ्यलाई अभियानका रूपमा सञ्चालन गर्ने।<br>• ज्येष्ठ नागरिक, दीर्घ तथा असाध्य रोग लागेका, हिंसा पीडित, द्वन्द्पीडित परिवारका सदस्य, वैदेशिक रोजगारीमा गएका र फर्किएका एवं तिनका परिवार, सीमान्तकृत, अल्पसंख्यक, कारागार, बाल सुधार गृह, मानव सेवा आश्रम, लागु औषध पुर्नस्थापन केन्द्र लगायतमा रहेका व्यक्तिको मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श एवं उपचारात्मक सेवा सञ्चालन गर्ने। | | |

| १.१.४ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रदेश र स्थानीय तहमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रदान गर्न आवश्यक जनशक्ति व्यवस्था गर्ने | | | | |
|---|---|---|---|---|
| २०८१- अस्पताल को सङ्गठन तथा व्यवस्था पन सर्वेक्षण गर्ने | २०० शैया माथिका अस्पतालमा बहिरङ्ग तथा अन्तरङ्ग मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने | Team Based Mental Health Unit का लागि तपशिलमा उल्लिखित दरबन्दी सिर्जना गरी पदपूर्ति गर्ने<br>१. कन्सल्टेन्ट साईक्याट्रिष्ट<br>२. क्लिनिकल साईकोलोजिष्ट<br>३. साईकोलोजिष्ट<br>४. साइक्याट्रिक नर्स<br>५. योग शिक्षक<br>६. अकुपेशनल थेरापिष्ट<br>७. मनोसामाजिक परामर्शकर्ता<br>८. मनोसामाजिक कार्यकर्ता | स्वास्थ्य मन्त्रालय | अर्थ मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| | २०० शैयाभन्दा कम क्षमताका अस्पतालमा बहिरङ्ग र तत्कालको अन्तरङ्ग सेवा | • तपशिलमा उल्लिखित दरबन्दी सिर्जना गरी पदपूर्ति गर्ने<br>१. कन्सल्टेन्ट साईक्याट्रिष्ट<br>२. साईकोलोजिष्ट<br>३. साइक्याट्रिक नर्स<br>४. योग शिक्षक | | |
| | स्थानीय तहमा सञ्चालित आधारभूत अस्पतालमा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | • मनोसामाजिक परामर्शकर्ताको दरबन्दी थप गर्ने | | |
| स्वास्थ्य शाखा/ स्थानीय स्वास्थ्य संस्था | समुदायमा मानसिक तथा मनोसामाजिक सहयोग उपलब्ध गराउने | • हरेक आधारभूत स्वास्थ्य संस्थामा मनोसामाजिक कार्यकर्ताको दरबन्दी थप गर्ने। | | |
| स्वास्थ्य मन्त्रालय | नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखा स्थापना | • उपलब्ध जनशक्तिबाट टीम निर्माण गरी व्यवस्थापन गर्ने। | स्वास्थ्य मन्त्रालय | चिकित्सा महाशाखा |
| स्वास्थ्य कार्यालय | नसर्ने रोग तथा मानसिक स्वास्थ्य इकाई | • जिल्ला स्तरमा उपलब्ध जनशक्तिबाट टीम | स्वास्थ्य मन्त्रालय | स्वास्थ्य कार्यालय र |

| | | | | |
|---|---|---|---|---|
| | स्थापना र विद्यालय नर्स कार्यक्रमको समन्वय | निर्माण गरी व्यवस्थापन गर्ने।<br>• विद्यालय नर्स कार्यक्रमलाई सबै माध्यमिक विद्यालयमा विस्तार गर्ने। | | स्थानीय तह |
| स्वास्थ्य शाखा | नसर्ने रोग तथा मानसिक स्वास्थ्य हेर्ने सम्पर्क व्यक्ति | • स्थानीय तहमा नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्पर्क व्यक्ति तोक्ने । | स्वास्थ्य कार्यालय/ स्वास्थ्य शाखा | स्वास्थ्य मन्त्रालय |
| **१.१.५ विद्यालयमा मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।** | | | | |
| विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम | विद्यालयमा मानसिक स्वास्थ्य, योग, ध्यानका सत्र सञ्चालन गर्ने | • विद्यालय स्वास्थ्य कार्यक्रममा मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम, मदिरा तथा लागुऔषध रोकथाम, स्वस्थ जीवनशैली, योग, ध्यानका विषय समावेश गरी सञ्चालन गर्ने । | विद्यालय, शिक्षा/ स्वास्थ्य शाखा | सामाजिक विकास मन्त्रालय |
| | बाल मैत्री कक्षा र हिंसा र हित शिक्षाका लागि पैरवी मूलक कार्यक्रम सञ्चालन गर्ने | • विद्यालयका प्राधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक तथा अभिभावकलाई बालमैत्री कक्षा र हिंसा रहित शिक्षाक लागि अन्तर्क्रियात्मक कक्षा सञ्चालन गर्ने | | |
| | बाल अनलाइन | • अनलाईन बाल | | |

| | | | | |
|---|---|---|---|---|
| | सुरक्षाका लागि समन्वय गर्ने | सुरक्षा कार्यविधि, २०७८ अनुसारका क्रियाकलाप सञ्चालन गर्ने । | | |
| | विद्यालय नर्स वा स्वास्थ्यकर्मीसँग समन्वय गर्ने | • विद्यालय नर्स वा स्वास्थ्यकर्मीसँग सहकार्य गर्दै विद्यालय नर्स सञ्चालन सम्बन्धी कार्यविधि,२०८० मा उल्लेखित कार्य विभाजन अनुसार विद्यालयमा मानसिक स्वास्थ्य र मनोसामाजिक सेवालाई प्राथमिकतामा राख्न समन्वय गर्ने । | | |
| **१.१.६ स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनका लागि मानसिक स्वास्थ्यसँग सम्बन्धीत दक्ष जनशक्ति आवश्यकताको प्रक्षेपण, उत्पादन, व्यवस्थापन तथा परिचालन गर्ने ।** | | | | |
